म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३४ आइतवार ८ पुस २०८० ने. सं. ११४४ चिल्लाथ्व 24 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बगरमा खेती गर्नेलाई बकैयाले अनुदान दिने

हेटौंडा, ७ पुस/नदी, खोला किनाराको खेर गइरहेको जग्गामा बगरखेती गर्ने किसानलाई अनुदान दिइने भएको छ । मकवानपुरको बकैया गाउँपालिकाले बगरखेती गर्ने किसानलाई अनुदान दिने भएको हो । पालिकाको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार बगरमा खेती गर्ने किसानलाई अनुदान दिने भएको छ । पालिकाले प्रतिक्लस्टर (५ विघा क्षेत्रफल) मा एकलाख ७५ हजार अनुदान रकम उपलब्ध गराउने भएको छ । कृषि व्यवसायमा संलगन भई खेती गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था, फार्ममार्फत एकसाता भित्र दरखास्त आव्हान गरिएको छ । अनुदान वितरण प्रक्रिया प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० अनुसार गरिने बकैया गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले बताएका छन् ।

फापरबारी-बेथानचोक सडक वैकल्पिक राजमार्ग बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/बागमती प्रदेशको राजधानी हेटौंडा कायम भएपछि हेटौंडासँगको सडक सम्पर्कको बिकल्पहरु खोजी भइरहेको छ । मकवानपुरसँग सीमा जोडिएका काठमाडौं, ललितपुर, काभ्रे, सिन्धुली, धादिङ जोड्ने भरपर्दो बिकल्पको खोजी तीब्र रुपमा भइरहेको हो ।

सहरी विकासमन्त्री सीता गुरुङले हेटौंडा जोड्ने बेथानचोक-च्याम्राङबेंसी-फापरबारी सडकलाई वैकल्पिक सहायक राजमार्ग बनाउने घोषणा गरेकी छन् । यो राजमार्ग हेटौंडा-काठमाडौं जोड्ने मार्गको बिकल्पको रुपमा विकास गर्न लागिएको हो । मकवानपुरको फापर बारी सर्लाही, सिन्धुली, काभ्रे, ललितपुरको संगम पनि हो । धरान-चतरा सडक आयोजनाले बागमतीमा पक्की पुल निर्माण गरेपछि फापरबारीसँग सीमाना जोडिएका जिल्लासँग सडक पूर्वाधार जोड्ने कार्यलाई प्राथमिकतामा खाइन थालिएको हो ।

बेथानचोक गाउँपालिका-२ पाटनेखोलामा मोटरेबल पुल शिलान्यास गर्दै मन्त्री गुरुङले पनौती-खोपासी-डुङ्खर्क हुँदै

च्याम्राङबेंसी-फापरबारीसम्म पुग्ने सडकलाई हेटौंडाको वैकल्पिक सहायक राजमार्ग बनाउने प्रतिबद्धता व्यक्त गरेकी हुन् । बागमती प्रदेसभा सदस्यहरुलाई प्रदेश राजधानी सहर हेटौंडा आउनका लागि छिटो र भर पर्दो सडक निर्माण कार्य सरकारको उच्चप्राथमिकतामा परेको छ । मन्त्री गुरुङले गाउँपालिकाको वडा नं २ स्थित नयाँबस्ती-दुलुङखोला सडक स्तरोन्नति कार्यको पनि सुरुआत गरेकी छन् ।

मन्त्री गरुङले स्थानीय तह, प्रदेश र संघ सरकारका प्रतिनिधिको सहकार्य र समन्वयमा यो मार्गलाई प्रदेशको वैकल्पिक सहायक राजमार्ग बनाउन तत्काल निर्णय गरी कार्य अघि बढाइने आश्वासन दिएकी छन् । वर्षातको समयमा हेटौंडा-भीमफेदी-कुलेखानी सडक र कान्तिराजपथ अवरुद्ध हुँदाको अवस्थामा बिकल्पको रुपमा फापरबारी-बेथानचोक सडक प्रयोगमा ल्याउन सकिन्छ । मकवानपुरको सीमाना जोडिएका जिल्लामा सडक सञ्जालको बिस्तार कार्यले प्राथमिकता पाएपछि ग्रामीण क्षेत्रका बासिन्दाले पनि लाभ लिन सक्नेछन् ।

बागमती प्रदेशसभा सदस्य कञ्चनचन्द्र बढेले गाउँपालिकाहरुमा विकासका कार्य तीब्ररुपमा अघि बढेको भन्दै आफ्नो तर्फबाट सधैं सहयोगका लागि प्रतिबद्ध रहेको बताएका छन् । बेथानचोक गाउँपालिका अध्यक्ष भगवान अधिकारीले सडक स्तरोन्नति र पुल शीलान्यास कार्यले गाउँपालिकामा विकासका सम्भावनाहरु थपिएको बताए । अब नागरिकलाई थप सहज र सरलयात्राका लागि वैकल्पिक मार्ग महत्वपूर्ण हुने उनको विश्वास अध्यक्ष अधिकारीको थियो । काठमाडौं उपत्यका जोड्ने बैकल्पिक मार्गको स्तरोन्नति गर्ने कार्यलाई तीनै तहका सरकारले उच्चप्राथमिकतामा राखेका छन् ।

बेथानचोकको पट्नेखोलाको साँघुरो मुखमा बन्ने २० मिटर लामो पुलको ठेक्का खप्पाचे-गोल्मादेवी इन्जिनियरिङ जेभीले लिएको छ । ४ करोड ५६ लाख ६४ हजार रुपैयाँ (भ्याटसहित) को लागत रहेको गाउँपालिका अध्यक्ष अधिकारीले बताएका छन् । निर्धारित समयमा पुल निर्माण भएको खण्डमा आगामी वर्षदेखि नै यो सडकबाट फापरबारी र बेथानचोक जोडिने छ । एक वर्षको निर्माण अवधि तोकेर २०८० कात्तिक २३ गते पुल निर्माण गर्न निर्माण कम्पनीसँग सम्झौता भएको हो ।

नेपालको सडक सञ्जालमा निकै महत्वपूर्ण स्थानमा रहेको निजगढ-काठमाडौं फास्टट्र्याक निर्धारित समयमा सम्पन्न हुन नसक्ने भएपछि बैकल्पिक सडक स्तरीकरण गर्ने योजनाले प्राथमिकता पाएको छ । फास्टट्र्याक निर्माण सम्पन्न भएर संचालनमा आएपछिका दिनहरुमा पनि यो बैकल्पिक सडकको प्रयोगमा कमी नहुने स्थानीयले बताएका छन् । फास्टट्र्याकले राष्ट्रिय राजमार्गको सवारी चापमात्र धान्न सक्यो भने पनि ग्रामीण क्षेत्रका बासिन्दाका लागि यस्ता बैकल्पिक मार्गको उपयोगिता यथावत रहने स्थानीयको धारण रहेको छ ।

७ नम्बर वडाले जित्यो अध्यक्ष कपको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/मनहरी गाउँपालिका अध्यक्ष कपको चौथो संस्करणको उपाधी ७ नम्बरको पोल्टामा परेको छ । फाइनलमा २ नम्बर वडालाई १-० गोल अन्तरले हराउँदै ७ ले उपाधी हात पारेको हो ।

७ नम्बरलाई उपाधी जिताउन मनिष पौडेलले गोल गरे । खेलको दोस्रो हाफको ५४ औं मिनेटमा पौडेलले गरेको गोल नै निर्णायक बनेको थियो । बिजेता ७ नम्बरले एक लाख रुपैयाँ प्राप्त गर्दा उपबिजेता २ नम्बरले ५० हजारमै वित्त बुझायो ।

गत मंगलबार भएको पहिलो सेमिफाइनलमा २ नम्बर वडाले ६ नम्बर वडालाई ट्राइबेकरमा ५-३ ले पछि पार्दै फाइनल यात्रा तय गरेको हो । मंगलबार नै भएको खेलमा ७ नम्बर वडाले ८ नम्बर वडालाई १-० गोल अन्तर हराउँदै उपाधि नजिक पुगेको थियो ।

फाइनल खेलको म्यान अफ द म्याच र सर्वोत्कृष्ट खेलाडी २ नम्बरका अशोक मोक्तान भए । उनले म्यान अफ द म्याचको २ हजार र सर्वोत्कृष्ट खेलाडीको १० हजार प्राप्त गरे । अन्य विधागत उत्कृष्टको पुरस्कार बिजेता टिमकै नाममा रह्यो । उत्कृष्ट गोलकिपर आशिष राउत, डिफेन्डर सुदीप सापकोटा, मिडफिल्डर कपिल मोक्तान, सर्वाधिक गोलकर्ता मनिष पौडेल र प्रशिक्षक सागर स्याङ्तान घोषित भए । उनीहरुले जनही नगद ५ हजार रुपैयाँ सहित ट्रफी प्राप्त गरे ।

प्रतियोगिताको फाइनलमा यू १६ बाट खेलिसकेका मनहरीका फुटबल खेलाडी सन्तोष गोड्वा र कृषल मोक्तानलाई नगद १० हजार रुपैयाँ सहित सम्मान गरिएको थियो । प्रतियोगिताको समापना मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी, अखिल नेपाल फुटबल संघ एन्फा केन्द्रीय सदस्य टीकाराम लामा, ७ नम्बर वडाका कार्यबाहक अध्यक्ष नवराज सुवेदीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

अध्यक्ष कप फुटबल प्रतियोगिता मनहरी गाउँपालिकाको सहयोग र मनहरी खेलकूद विकास समितिले आयोजना गरेको हो ।

ग्रामीण बहुउद्देशीयमा अधिकारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि. को २४ औं वार्षिक साधारणसभा एवम् ८ औं अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको छ ।

राजु अधिकारीको अध्यक्षतामा सर्वसम्मत नयाँ नेतृत्व चयन गरिएको हो । सहकारीको उपाध्यक्षमा बालकृष्ण न्यौपाने, सचिवमा रबिन ढकाल, कोषाध्यक्षमा राजेन्द्रप्रसाद पुडासैनी, सहसचिवमा शंकरबहादुर रोक्का चयन भएका छन् । सहकारीको सदस्यहरुमा गोविन्द सापकोटा, जयराम अर्याल, प्रदीप अधिकारी, कृष्णप्रसाद घिमिरे, सदस्य, गीता कोईराला, प्रभाकर पुडासैनी चयन भएका छन् । त्यस्तै लेखासमिति संयोजक पूर्णप्रसाद पुडासैनी र सदस्यहरुमा धर्मराज ढकाल, कुबेर पोखरेल चयन भएका छन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रयल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासिम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६२

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न

बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म

हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि

९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता

खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क

विद्यार्थी :रु ५०

सर्वसाधारण : रु७०

मुख्य आयोजक

मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक

औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

हाम्रो कुरा

वनकरिया समुदायमा परिवर्तन

कन्दमूलको सहारामा वर्षको आधा समय बिताउने बनकरिया समुदायमा पछिल्ला वर्षमा क्रमश: परिबर्तन देखिएको छ । मकवानपुरको मनहरी गाँउपालिकामा मात्र बसोबास गर्ने लोपोन्मुख वनकरिया समुदायका महिलाहरु आयआर्जनतर्फ लागेका छन् । उनीहरुले नीमपत्ता, घ्युकुमारी र तीतेपातीबाट साबुन बनाउन थालेका छन् । गाउँघरमा खेर गइरहेको जडीबुटीबाट अर्ग्यानिक साबुन उद्योग खोलेर उद्यमी बन्ने तरखरमा छन् । स्थानीयस्तरमा पाइने नीमपत्ता, घ्युकुमारी र तीतेपातीको प्रयोग गरेर नुहाउने, मुखधुने साबुन बनाएका हुन् । घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरमा १० लाख रुपैयाँ चुक्ता पूँजीको वनकरिया चेपाङ महिला साबुन उद्योग दर्ता गरेर उत्पादन सुरु गर्न लागेका हुन् । गतवर्ष राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले उनीहरुलाई साबुन बनाउने तालिम दिएको थियो । तालिमपछि आयआर्जनमा आफूहरु जोडिने अवसर प्राप्त भएको उनीहरुले बताएका छन् ।

साबुन उत्पादन गर्नको लागि आवश्यक औजार समेत मञ्चले प्रदान गरेकोले अबको सबैभन्दा आवश्यक पाटो कच्चापदार्थ र बजारीकरण नै भएको उनीहरुको धारणा छ । वनकरिया महिलाले २० देखि ६० रुपैयाँसम्ममा साबुन बेच्ने गरेका छन् । तालिम दिन सहयोग गर्ने संस्थाले नै साबुन किनिदिने गरेको उनीहरुको भनाइ छ । लगानीयोग्य पुँजी नहुँदा उत्पादन गर्न सकेका छैनन् । आधुनिक जीवनउपयोगी शीपसँग टाढा रहेका बनकरिया समुदायका ५ किशोरी र एक किशोरले एसएलसी/एसइई परीक्षा उत्तीर्ण गरेका छन् । सरकारले वनकरिया समुदायलाई जनही मासिक ४ हजार रुपैयाँ सामाजिक सुरक्षाबापत भत्ता दिन थालेपछि यिनीहरुको आर्थिक अवस्थामा सुधार आएको छ । अहिले वनकरिया बस्तीमा एलइडी टीभी, नेट, मोवाइलको पहुँच पुगेको छ । २ दसकबीचमा वनकरिया समुदायले प्रबिधिमा फड्को नै मारेको छ । निकुञ्जले मध्यवर्ती क्षेत्रमा घर निर्माण गर्न नदिने र अन्यत्र वनकरियाको नाममा नम्बरी जग्गा नभएकाले जनता आवासअर्न्तगत घर निर्माण हुन सकेको छैन । नम्बरी जग्गा नभएका कारण वनकरियाको घर निर्माणका लागि आएको रकम पटकपटक फिर्ता भइरहेको छ । केही वर्षअघि तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराई वनकरिया बस्तीमा एकरात बास बस्दा लालपूर्जा उपलब्ध गराउने आश्वासन दिएका थिए । उनले समस्या समाधानका लागि कार्यदल बनाए पनि सक्रिय नहुँदा वनकरियाले जग्गा प्राप्त गर्न सकेका छैनन् ।

डोको, नाम्लो, माछामार्ने जाल बुन्ने, कुचो बनाउने, कुरिलोको जरा खोजी गर्ने, जडिबुटी खोजी गरेर औषधि बनाउने जस्ता परम्परागत सीप र दक्षता नयाँ पुस्तामा हस्तान्तरण गर्न सकिएन भने त्यो लोप भएर जाने निश्चित छ । कतिपय धार्मिक रीतिरिवाज पनि नयाँ पुस्तामा हस्तान्तरण हुन सकेको छैन । वनकरियाको भाषा, लिपि, भेषभूषा, रीतिरिवाज, संस्कार, मौलिक परम्परा आदि नयाँ पुस्तामा हस्तान्तरण हुन सकेको छैन । सामाजिक संजालमा नयाँ पुस्ता रमाएका कारण पुरानो पुस्ता रहेसम्म मात्र उनीहरुको मौलिकता रहने सम्भावना छ । यो समुदायमा मानिस बिरामी पर्दा अस्पताल लैजाने चलन थिएन । धामी, झाँक्री लगाएर फलाक्ने, झारफुक गर्ने, वनदेवी मन्छुने, अक्षता फ्याँक्ने चलन थियो । पछिल्लो समयमा यो सबै चलन हराएको छ र समुदायमा कोही बिरामी पर्दा स्वास्थ्यसंस्था वा अस्पताल जाने गरेका छन् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१५५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महुती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस ९ गते सोमबार, २५ डिसेम्बर २०२३ । चतुर्दशी, मार्ग शुक्लपक्ष । धिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:१३ । किसमस (इसाई धर्म मात्र) (बिदा) काशीस्थित पिशाचमोचन तीर्थमा श्राद्ध

आजको राशिफल

मेष	: कार्यभार र व्यस्तता बढ्नेछ	तुला	: अधिक परिश्रम गर्नु पर्नेछ
वृष	: रमाइलो यात्रा हुनेछ	वृश्चिक	: मेहनतको फल पाइनेछ
मिथुन	: धन कमाउने योग परेको छ	धनु	: धार्मिक आस्था बढ्नेछ
कर्कट	: पश्चात्ताप लाग्नेछ	मकर	: कल्याणकारी कार्यको अवसर
सिंह	: सकारात्मक सोचाइ रहनेछ	कुम्भ	: व्यापार-व्यवसाय सामान्य रहनेछ
कन्या	: दया मायाका कार्य हुनेछन्	मीन	: शारीरिक आलस्यता बढ्नेछ

महाशक्तिहरू बीचको प्रतिद्वन्द्विता र बढ्दो भूराजनीतिक जोखिम

✍ धर्मराज रेग्मी

महाशक्ति राष्ट्रहरू बीचको संघर्ष, प्रतिद्वन्द्विता र विवादको रणनीतिक क्षेत्रमा परेको देशले साँच्चिकै क्षति बेहोर्नुपर्‍यो भने त्यसको अन्तिम र नकारात्मक परिणाम के हुन सक्छ ? के त्यो स्थिति कुनै सार्वभौम राष्ट्रको अस्तित्व माथिकै खतरा हो ? त्यसो भए महाशक्ति राष्ट्रहरू बीचमा जारी प्रतिद्वन्द्विता र टकरावको तुफानी बेग र त्यसबाट जोगिने घरेलु तथा बाह्य उपायहरू के हुन सक्छन् ? हाम्रो जस्तो भूराजनीतिक रूपले जोखिमपूर्ण राष्ट्रका लागि त्यस्तो खराब स्थितिको प्रक्षेपण गर्न सम्भव छ कि छैन ?

प्रस्तुत आलेखमा महाशक्तिहरू बीचमा जारी प्रतिद्वन्द्विता र त्यसले नेपालमा बढ्दै गएको भूराजनीतिक जोखिमको परिचर्चा गरिनेछ ।

नेपालको भूराजनीतिक महत्त्व

विशाल पर्वतमाला, हिमशिखररहरूको प्राकृतिक पर्खाल, उत्तर, दक्षिण बहाव भएका नदीहरूको शृंखला, क्षेत्रफलमा सानो तर विविधतायुक्त भौगोलिक, जैविक र प्राकृतिक वैभवताले भरिपूर्ण भूखर्ग हो, नेपाल । उदयमान महाशक्ति चीन र भारतसँगको सीमा साझेदारी नेपालका लागि भौगोलिक लाभ हो । छिमेकमा संसारकै ठूलो बजार भएका कारण उत्पादन र बजारीकरणका लागि यो क्षेत्र निकै सम्भावनाले भरिएको छ ।

राजनीतिक अस्थिरता, कमजोर बाह्य सम्बन्ध, स्थायी परराष्ट्र नीतिको अभाव, सानो अर्थतन्त्र हाम्रा विद्यमान समस्याहरू हुन् । भूपरि वेष्ठित मुलुक नेपालले अन्तर्राष्ट्रिय कानुनका प्राबधानहरूको पूर्ण रूपमा उपभोग गर्न पाउनुपर्छ । नेपालको नजिकको समुद्र बङ्गालको खाडीसम्मको निर्वाध पहुँचका लागि तटीय देश भारतले अन्तर्राष्ट्रिय कानुनको दायित्व पूरा गर्नु पर्दछ ।

नेपालले महासागरसम्मको सहज पहुँचका लागि संयुक्त राष्टसंघीय सामुद्रिक महासन्धिद्वारा प्रदत्त अधिकारको उपयोग गर्न पाउनुपर्छ । नेपाल एउटै समयमा अमेरिकी रणनीतिक परियोजना एमसिसी र चिनियाँ रणनीतिक परियोजना बिआरआईको अंग बनेको छ । महाशक्ति राष्ट्रहरूले सञ्चालन गरेका जुनसुकै परियोजनाहरूमा पनि उनीहरूले तय गरेको रणनीतिक प्राथमिकता खास गरी रक्षा, सैन्य, आर्थिक र कूटनीतिक स्वार्थहरू सन्निहित हुन्छन् ।

त्यस्ता रणनीतिक महत्वका परियोजनाहरूमा प्रवेश गरिसकेपछि महाशक्तिहरूको परस्पर विरोधी स्वार्थको सन्तुलन कसरी मिलाउने हो र आफ्नो राष्ट्रिय हितलाई कसरी केन्द्रमा राख्न सकिन्छ त्यो नै सबैभन्दा जटिल कार्य हो । पछिल्लो समय महाशक्ति राष्ट्रहरूको रणनीतिक स्वार्थ र चासोको सन्तुलन मिलाउन नसक्दा नेपालको आन्तरिक सुरक्षा र राष्ट्रिय सार्वभौमिकता माथिको जोखिम झन् बढ्दो छ ।

नेपालमा एमसिसीको अनुमोदनमा जे जस्तो अपरिपक्वता प्रदर्शन गरियो र पछिल्लो समय बिआरआईप्रति जसरी हेलचक्याईं गरिँदै आइएको छ, त्यसको अन्तर्राष्ट्रिय समुदायमा प्रवाह हुने सामान्य सन्देश पनि यो हुन जान्छ कि नेपालले संसारका ठूला र शक्तिशाली राष्ट्रहरूको रणनीतिक परियोजनाहरूको महत्व बुझ सकेको छैन वा उनीहरूप्रति विश्वस्त भएको छैन । जसले गर्दा अन्य दातृराष्ट्र र निकायहरूको नेपाल नीतिमा समेत सकारात्मक प्रभाव परेको छैन ।

एमसिसी र बिआरआई मार्फत् अमेरिका र चीनको हितको सन्तुलन मिलाउने तथा नेपालको राष्ट्रिय हित र प्राथमिकताको रक्षा गर्ने विषय नै नेपालको अहिलेको सबैभन्दा ठूलो चुनौती हो । त्यसैको वरिपरि छिमेकी भारतसँगको सम्बन्धलाई विश्वसनीयतामा बदल्ने चुनौती पनि बढेको छ । वैदेशिक रोजगारीका नयाँ गन्तव्यहरूले खाडी र कतिपय युरोपेली देशहरूसँगको सम्बन्धलाई पनि नेपालले पुनर्परिभाषित गर्न जरुरी छ ।

हिन्द प्रशान्त क्षेत्रको अवधारणा र महत्व

हिन्द प्रशान्त क्षेत्रले संसारको ६५ प्रतिशत जिडिपी ओगटेको छ । यस क्षेत्रमा ४० वटा देशहरू छन् । संसारको आधाभन्दा भन्दा बढी व्यापार यिनै दुई महासागरीय क्षेत्रमा निर्भर रहन्छ । दुईवटा महासमुद्रमा सभ्यतादेखिको गहिरो मित्रता छ । विश्वका दुई ठूला अर्थतन्त्र अमेरिका र चीनको रणनीतिक प्रतिस्पधाले समेत भूरणनीतिक दौडमा यस क्षेत्रको महत्व बढ्दै गएको छ ।

औद्योगिक क्रान्तिपछि पहिले यूरोप र त्यसपछि अमेरिका संसारको आर्थिक केन्द्र रहयो । त्यो स्थिति अब एसियामा सिफ्ट भएको देख्न सकिन्छ । सन् १९६० को दशकदेखि पूर्वी एसियामा आर्थिक बदलावहरू देखिए र १९८० को दशकदेखि चीन र १९९० को दशकदेखि भार तले तीव्र आर्थिक विकास गर्दै गए । हिन्द प्रशान्त क्षेत्रमा साउथ चाइना सी लगायत रणनीतिक क्षेत्रहरूमा देखा पर्ने गरेको सीमा विवाद र अन्तर्राष्ट्रिय कानुनको पालनाको विषय जटिल रूपमा उत्पन्न भइरहेको छ ।

अमेरिकाले यस क्षेत्रमा फ्रिडम अफ न्याभिगेसनको वकालत गर्दै आएको छ र चीनले बिआरआई अन्तर्गत यस क्षेत्रमा आफ्नो रणनीतिक उपस्थित बलियो बनाएको छ । सन् २००७ मा भारतीय संसदमा सम्बोधनको क्रममा तत्कालीन जापानी प्रधानमन्त्री सिन्जो आबेले हिन्द र प्रशान्त महासागरलाई एउटै रणनीतिमा राख्ने अवधारणा पहिलोपटक सार्वजनिक गरेका थिए । त्यसभन्दा अगाडि समुद्री सतहको रक्षा र आर्थिक साझेदारीका लागि हिन्द प्रशान्त क्षेत्रका प्रजातान्त्रिक राष्ट्रहरू एक हुने अवधारणा राखिएको थियो ।

सन् १९९७ मा इन्डियन ओसन रिम एसोसियसन (आइओआरए) सन् २०१५ मा सेक्युरिटी एण्ड ग्रोथ फर अल इन द रिजन (क्रब्ब्ब्) को अवधारणा अगाडि बढाइएको थियो । सन् २०१८ मा भारत औपचारिक रूपमा हिन्द प्रशान्त अवधारणामा प्रवेश गरेको हो र सन् २०१९ मा इन्डो प्यासिफिक ओसन इनिसियटिभ लागु गरिएको थियो । हिन्द प्रशान्त क्षेत्रमा अमेरिकाले आफ्ना साझेदार राष्ट्रहरूसँग सैन्य समझदारी बलियो बनाउने र रणनीतिक साझेदार राष्ट्रहरूसँग सैन्य सहयोग विस्तार गर्ने नीति लिएको छ ।

उक्त रणनीतिक साझेदारीका लागि बियुआइएल्डी एक्ट र एसिया रि एसुरेसन इनिसियटिभ, जापान र अष्ट्रेलिया बीच ब्लु डट नेटवर्क र जी-सेभेन राष्ट्रहरू बीच क्वाड गठन गरेर यस क्षेत्रमा अमेरिकाले आफ्नो रणनीतिक उपस्थितिलाई आर्थिक, रक्षा, सैन्य र व्यापार वाणिज्यका क्षेत्रहरूमा हस्तक्षेपकारी रूपमा अगाडि बढाएको छ ।

यस क्षेत्रमा संसारका तीन ठूला अर्थतन्त्र चीन, भारत र जापानसँगै संसारका सात ठूला सैन्य महाशक्ति राष्ट्रहरू पर्दछन् । संसारका एक तिहाइ पानीजहाजहरू साउथ चाइना सिको रुटबाट आवतजावत गर्छन् । संसारको तीव्र गतिमा विकसित अर्थतन्त्र यही क्षेत्रमा निर्भर छ । अमेरिका, चीन र भारत यस क्षेत्रका मुख्य रणनीतिक खेलाडी हुन् । अमेरिकी रक्षा विभाग पेन्टागनको सन् २०२१ को प्रतिवेदनमा चीन संसारकै सबैभन्दा ठूलो सैन्य बख्तरबन्द भएको शक्तिका रूपमा उल्लेख गरिएको छ । सन् २०२२ मा नाटोका चार सदस्य अष्ट्रेलिया, जापान, न्यूजिल्याण्ड र दक्षिण कोरियाले नाटो काउन्टर पार्ट मिटिङ गरेका थिए ।

निकट भविष्यमा इन्डोप्यासिफिक रणनीति अन्तर्गत यूरोपियन युनियनले समेत आर्थिक, सुरक्षा र कैयौं साझा मुद्दाहरूमा साझेदारी घोषणा गर्ने सम्भावना बलियो छ । उसै पनि यूरोपेली राष्ट्रहरूको ४० प्रतिशतभन्दा बढी व्यापार साउथ चाइना सिकै रुटबाट हुने गर्दछ ।

एसिया प्रशान्त क्षेत्रका सवालहरू

एसिया प्रशान्त क्षेत्रमा साउथ चाइना सी विवादसँगै अनेकौं क्षेत्रमा सीमा सम्बन्धमा दोहोरो दाबीहरू छ । कोरियन पेनुसुलाको तनाव दशकौंदेखि कायम छ । भारत पाकिस्तान विवादले नयाँ चरणमा प्रवेश गरेको छ । कस्मिरमा धारा ३७० हटाइएको छ । भारतको अरुचिको कारण सार्क निष्प्रभावी बनाइएको छ । जलवायु परिवर्तन, गरिबी, असमानता, आतङ्कवाद र क्षेत्रीय अस्थिरता यस क्षेत्रका स्थायी समस्या हुन् ।

पछिल्लो दशक बढिरहेको अमेरिका, चीन प्रतिद्वन्द्विताले क्षेत्रीय सुरक्षामाथि चुनौती थपिएको छ र शक्ति राष्ट्रहरूका बीचमा प्रतिद्वन्द्विता बढ्दै गएको छ । अमेरिकाले २०१७ मा राष्ट्रिय सुरक्षा रणनीति र २०१९ मा हिन्द प्रशान्त रणनीति घोषणा गरी यस क्षेत्रमा रणनीतिक साझेदारी विस्तार गरेसँगै चीनले बेल्ट एण्ड रोड इनिसियटिभ मार्फत त्यसको काउन्टर रणनीति लागु गर्यो । चीनले क्षेत्रीय साझेदारी बिस्तारका लागि पूर्वाधारहरूको सञ्जालमार्फत् आर्थिक तथा सुरक्षा सम्बन्धी साझेदारी अगाडि बढाएको देखिन्छ । हिन्द प्रशान्तको अवधारणाले अमेरिकी प्रभुत्ववादको नयाँ संस्करणका रूपमा यस क्षेत्रमा आफ्नो उपस्थिति देखाएको छ ।

अमेरिका, चीन प्रतिद्वन्द्विताले एसिया प्रशान्त क्षेत्रमा क्षेत्रीय थ्रेट बढाएको छ । साना र कमजोर देशहरूलाई अन्तर्राष्ट्रिय, क्षेत्रीय सहयोग, अनुदान र क्षेत्रीय साझेदारीमा सामेल हुनैपर्ने मनोवैज्ञानिक त्रास उत्पन्न भएको छ । अमेरिकी वा चिनियाँमध्ये कुनै एक ब्लकमा राष्ट्ररू उभिनै पर्ने बाध्यताले संसार शितयुद्धको नयाँ संस्करणमा प्रवेश गरिसकेको भान पर्न जान्छ । कोभिडको महासंकटमा पनि बेइजिङ र वासिङ्टनले स्वास्थ्य सामग्री र भ्याक्सिन उत्पादनमा रणनीतिक मुभ गरेका थिए । पछिल्लो दशक अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा नयाँ मानक स्थापित हुँदै गएका छन् । डेनमार्क, बेलायत र कतिपय यूरोपियन राष्ट्ररू अमेरिका, चीन बढ्दो रणनीतिक प्रतिद्वन्द्वितामा सामेल हुन रुचिकर छैनन् ।

बेल्ट एण्ड रोड इनिसियटिभमा १८ यूरोपियन युनियनका सदस्य राष्ट्ररू र ९ जी-२० का सदस्य राष्ट्रहरू सामेल छन् । हिन्द प्रशान्त रणनीतिलाई महत्वका साथ ग्रहण गरेको फ्रान्सले आफ्नो लाखौं वर्ग किलोमिटर लामो एक्सक्लुसिभ इकोनोमिक जोनको रक्षा र आफ्नो राष्ट्रिय हितलाई प्राथमिकतामा राखेको छ । फ्रान्स र बेलायतले युरोपेली नेभल डिप्लोमेसी अन्तर्गत यस क्षेत्रमा रणनीतिक मुभ गरिरहेका छन् । उनीहरूले अन्तर्राष्ट्रिय कानुनमा आधारित रूलबेस्ड सम्बन्ध चीनसँग पनि उत्तिकै प्राथमिकता राखेको देखिन्छ ।

सन् २०१७ देखि डेनमार्कले मेडिटेरियन र पर्सियन खाडीमा आफ्नो उपस्थिति मजबुत पारेको छ । महाशक्ति राष्ट्रहरूको जब्बर किसिमको रणनीतिक उपस्थितिले एसिया प्रशान्त क्षेत्रको भूराजनीतिक र भूरणनीतिक महत्व ह्रवात्तै बढेको छ । यसको प्रभाव, लाभ र चुनौतीहरूको सन्तुलन कसरी हुन्छ भन्ने विषयले यस क्षेत्रको आगामी भविष्य कस्तो होला भन्ने अनुमान गर्न सकिन्छ ।

नेपाल जस्ता देशहरूले शक्ति राष्ट्रहरूको बलियो क्षेत्रीय उपस्थितिको लाभ कसरी हाँसिल गर्ने र आफ्नो सार्वभौमिकतालाई रक्षा कसरी गर्न सकिन्छ ? यो नै अहिलेको जटिल प्रश्न हो ।

चीनको आक्रामक उपस्थिति

बिआरआईको अवधारणा अन्तर्गत पूर्वाधार विस्तार र आर्थिक साझेदारीलाई आधार बनाएर हिन्द प्रशान्त क्षेत्रमा चीनले आफ्नो आक्रामक उपस्थिति जनाएको छ । यस क्षेत्रमा रणनीतिक सडक, रेलवे र बन्दरगाह, विमानस्थलहरू निर्माणका माध्यमबाट चीनले साझेदारी बिस्तार गरिरहेको छ ।

श्रीलङ्कामा हम्मनटोटा बन्दरगाह निर्माण गरेर बङ्गालको खाडीसम्म सहज चिनियाँ पहुँच स्थापित भएको छ । यो बन्दरगाह चाइना म्यानमार इकोनोमिक कोरिडोरको नजिकमा छ । जहाँबाट स्ट्रेट अफ मलाक्का सम्मको सहज पहुँच स्थापित भएको छ । भारत र स्टेट अफ हर मुकको रणनीतिक बिन्दुमा पर्ने गरी पाकिस्तानमा ग्वादर बन्दरगाह निर्माण गरिएको छ । चाइना पाकिस्तान इकोनोमिक केरिडोर र करौंची बन्दरगाह निर्माणमा लगानी बढाइएको छ ।

बंगालको खाडी र अन्डमान सागर सम्मको चिनियाँ पहुँच बिस्तार गर्न म्यानमारमा क्याक्प्यु बन्दरगाह सन् २०१६ देखि ५० वर्षको लागि चिनियाँ कम्पनीले सञ्चालन गरिरहेको छ । योसँगै म्यानमारमा डिप सि बन्दरगाह र औद्योगिक क्षेत्र निर्माणका लागि चिनियाँ लगानी केन्द्रित छ ।

थाइल्याण्डको खाडी, स्टेट अफ मलाक्का र दक्षिण, चीन सागरको पश्चिम भागसम्मको रणनीतिक पहुँच स्थापित गर्न कम्बोडियामा रेम नेभल बेस स्थापना गरिएको छ । थाइल्याण्डको सबैभन्दा ठूलो निजी बन्दरगाह लेम चवाङ सञ्चालित छ ।

चाइना लाओस हाइस्पिड रेलवे बिस्तार सन् २०२८ सम्म पूरा गरिसक्ने लक्ष्य छ । चिनियाँ कम्पनीले तान्जिनियाँमा द रेस सलाम बन्दरगाह सञ्चालन गर्दै छ । सैन्य प्रयोगलाई ध्यानमा राखेर र मोजाम्बिक च्यानलसम्मको रणनीतिक पहुँचलाई आधार मानी पश्चिम हिन्द महासागरसम्मको व्यापार वाणिज्य र यस क्षेत्रको प्राकृतिक खनिज सम्पदासम्म चिनीयाँ पहुँचलाई सहज बनाउनेछ ।

कोरियन प्रायद्वीप

उत्तर दक्षिण कोरिया विभाजनसँगै कोरियन प्रायद्वीपको भूराजनीतिक महत्व बढेको हो । दोस्रो विश्वयुद्ध अगाडि जापानी नियन्त्रणमा रहेको उक्त क्षेत्र शितयुद्धकालभरि अमेरिका र सोभियत संघको बीचमा शक्ति संघर्षको रणनीतिक जोन बनी नै रहयो । पछिल्लो समय उत्तर कोरियाको कूटनीतिक सम्बन्ध र साझेदारी चीन र रुससँग छ भने दक्षिण कोरियाको अमेरिका र जापानसँग छ । अमेरिकाले दक्षिण कोरियामा सैन्य सहयोग र साझेदारी सञ्चालन गरिरहेको छ । यो १५५ माइल लामो कोरियन पेनेसुला महाशक्तिहरूको रणनीतिक टकरावको कोर जोनका रूपमा चिनिन्छ ।

भूराजनीतिक टसल र ट्रेड वारको कोणबाट समेत हिन्द प्रशान्त क्षेत्रको राजनीतिक शक्ति संघर्षमा कोरियन प्रायद्विपको महत्वपूर्ण प्रभाव रहन्छ । २९ नोभेम्बर सन् २०१७ मा उत्तर कोरियाले गरेको अन्तरमहादेशीय ब्लास्टिक मिसाइल परीक्षणको विरुद्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदले २३ डिसेम्बर २०१७ मा रिजुलेसन जारी गरी नयाँ प्रतिबन्ध लगायो । सन् २०१८ को जून १२ मा उत्तर कोरियाली र अमेरिकी नेताहरूको बीचमा ऐतिहासिक वार्ता सम्पन्न भयो । अमेरिकी राजनीतिशास्त्री एवम् भूराजनीतिक अध्येयता निकोलस स्पेकमेन भन्छन्- 'कुनै भौगोलिक क्षेत्र तात्विक रूपमा शक्ति संघर्षलाई परिवर्तन गर्ने हठ्याण्ड बन्न सक्छन् । कोरियन प्रायद्विप त्यस्तै हो ।'

बफर जोन : जिबुटी

पूर्वी अफ्रिकामा एउटा सानो देश छ । दक्षिणमा सोमालिया, दक्षिण पूर्वमा इथोपिया, उत्तरमा लालसागर र पूर्वमा गल्फ एण्ड एडेनले घेरिएको छ । जसको २३ प्रतिशत जनसंख्या चरम गरिबीको रेखामुनि छ । सन् १९९२ मा आफ्नै संविधान जारी गरी कार्यकारी राष्ट्रपति प्रणाली लागु गरिएको छ । राष्ट्रपति सेनाका कमान्डर इनचिप हुन् । स्वतन्त्र व्यापार नीति र लालसागरको ट्रान्जिट प्वाइन्ट भएकाले अन्तर्राष्ट्रिय वाणिज्य कारोबारको वार्गेनिङ स्थलको रूपमा जिबुटी परिचित छ । यसको भौगोलिक अवस्थितिले नै संसारका महाशक्तिहरूको सैन्य, व्यापारिक र वाणिज्य केन्द्र बनिरहेको छ । एसिया र यूरोपसम्म आवतजावत गर्ने पानीजहाज स्वीजक्यानलमा पुग्ने मार्ग जिबुटी नै हो ।

संसारको १० प्रतिशत व्यापार जिबुटीकै तटबाट हुने गर्दछ । त्यसैले पनि जिबुटी अन्तर्राष्ट्रिय महाशक्तिहरूको रणनीतिक हब बनेको छ । त्यही भूराजनीतिक अवस्थितिले जिबुटी अन्तर्राष्ट्रिय महाशक्तिहरूको प्रतिद्वन्द्विताको केन्द्र बफरजोनसमेत बनेको छ ।

सेप्टेम्बर ११ को हमलापछि प्रतिआतङ्कवादी अप्रेसनका लागि सन् २००२ मा अमेरिकाले जिबुटीमा सैन्य बेस (लोमिनार नेभी) स्थापना गरेको थियो । त्यसपछि जापानले सन् २००९ मा ओभर सि मिलिटरी बेस, इटलियन सपोर्ट बेस, फ्रेन्च इयर फोर्स, बेलायती ट्रप्स र २०१७ मा चीनले जिबुटीमा सैन्य क्याम्प स्थापना गर्यो । संसारका महाशक्ति राष्ट्ररूको बलियो उपस्थिति र अन्तर्राष्ट्रिय रिफ्युलिड सेन्टर भएको जिबुटीमा अस्थिरता, बेरोजगारी र चरम गरिबी कायमै छ ।

त्यसैले महाशक्तिहरूको भूरणनीतिक जोनमा परेको देशमा शक्ति राष्ट्ररूले जे जुन बहाना बनाए पनि खासमा उनीहरू सैन्य, रक्षा र भूराजनीतिक स्वार्थका लागि मात्रै साझेदारी गर्दछन् । अन्य कुराहरू त देखाउने अस्त्र मात्र हुन् ।

महाशक्तिहरूको रणनीतिक दाउपेचलाई जानेर वा नजानेर आफ्नो खेल मैदान उपलब्ध गराउँदै जाने हो भने कतै नेपाल भविष्यमा जिबुटीको मार्गमा हेलिने त होइन भन्ने आशङ्का गर्न सकिन्छ । नेपालले जिबुटीबाट सबक सिक्नु पर्दछ ।

स्ट्रेट अफ मलाक्का

चीन र भारतको महत्वपूर्ण सामुद्रिक व्यापारिक नाकाका रूपमा रहेको मलाक्काको हिन्द प्रशान्त क्षेत्रको भूराजनीतिक प्रतिद्वन्द्वितामा महत्वपूर्ण औचित्य रहन्छ । १५ औं शताब्दीदेखि यो रुट हिन्द प्रशान्त महासागरका बीचको छरितो च्यानल हो । यो हिन्द महासागर र दक्षिण चीन सागरको बीचमा पर्दछ । ८०० कि.मी. लामो जलक्षेत्रले अण्डमान सागर र दक्षिण चीन सागर जोड्ने गर्दछ ।

अन्तर्राष्ट्रिय व्यापार वाणिज्यको अति व्यस्त रुट मलाक्कामा इण्डोनेसिया, मलेसिया र सिंगापुरले सन् १९९४ को संयुक्त राष्ट्रसंघीय महासन्धि अनुसार यसको अपरेटिङ हुँदै आएको छ । यो मार्गबाट पूर्वी एसिया, मध्यपूर्व र जापानसम्म ठूला पानीजहाज र जाइन्ट आयल ट्याङ्कर वारपार गर्दछन् ।

अमेरिकाले लिएको हिन्द प्रशान्त र चीनको बेल्ट एण्ड रोड इनिसियटिभको रणनीतिक चासोको क्षेत्र स्टेट अफ मलाक्का पनि हो । यो सबै दक्षिणपूर्वी चीन सागर, ताइवान स्ट्रेट र कोरिया पेनेसुला, स्ट्रेट अफ हर्मुस पनि रणनीतिक जोनमा पर्दछन् ।

जी-२० घोषणा

वसुधैव कुटुम्बकम्को अवधारणामा सेप्टेम्बर ९ र १० मा भारतको नयाँ दिल्लीमा सम्पन्न जी-२० राष्ट्ररूको सम्मेलनले २५ अनुसूचीसहित ८३ बुँदे दिल्ली घोषणा जारी गरेको छ । भारत मध्यपूर्व यूरोप इकोनोमिक कोरिडोर निर्माणसहित अनेकौं प्रतिबद्धताहरू गरिएको छ । उक्त कोरिडोर मूलत: चीनले अगाडि सारेको बेल्ट एण्ड रोड इनिसियटिभको विरुद्धमा ल्याइएको काउन्टर स्टाटेजी हो भनेर सजिलै बुझ्न सकिन्छ तर यो घोषणासँगै कार्यान्वयनमा भने जोखिमै जोखिमले भरिएको छ ।

चीन र रुसका राष्ट्रपतिहरूको अनुपस्थिति रहेको सम्मेलनले रुस युक्रेन युद्धलाई गत वर्षको बाली सम्मेलनको न जस्तो भाषामा निन्दा नगरी सहज शब्दावलीको प्रयोग गरिएको छ । उक्त सम्मेलन सकिएको तीन दिनपछि उत्तर कोरियाली अध्यक्ष किमले रुसको छोटो तर अर्थपूर्ण भ्रमण गरे जसले रुस, उत्तर कोरिया साझेदारी आणविक हतियार र प्रविधिको विस्तारका क्षेत्रमा दुई देश मिलेर अगाडि बढ्ने सङ्केत देखिएको छ । त्यो नाटो र पश्चिमा देशहरूको लागि चुनौतीपूर्ण समझदारी हो ।

एसिया, अरबको खाडी र युरोप जोड्ने प्रस्तावित कोरिडोरले कनेक्टिभिटी र भारत युरोप व्यापारमा ४० प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ । साउदी अरेबियाका इन्भेस्टमेन्ट मन्त्री खालिद बिन अब्दुल्लाहले यो परियोजनालाई ऐतिहासिक भनेका छन् । यसले द्रुत विकास गरिरहेको अरवियन पेंनेसोलालाई यूरोप र भारतसम्मको पहुँच विस्तार हुने टिप्पणी गरिएको छ । उक्त कोरिडोरमा रेल, विद्युतीय केवल, हाइड्रोजन पाइपलाइन, हाइस्पिड डेटा केवल लगायतका माध्यमहरूमार्फत् नयाँ स्तरमा कनेक्टिभिटी निर्माण गरिनेछ ।

यसै वर्षको मे मा मात्रै जी-७ नेताहरूको जापानमा सम्पन्न बैठकले संसारका सात धनी अर्थतन्त्रहरूले २०२७ सम्म ६०० विलियन डलर बजेट परिचालन गरेर चीनको बिआरआई प्रोजेक्टको प्रतिवाद गर्ने लक्ष्य लिएका थिए । *(साभार: अनलाइनखबर)*

शैक्षिक क्षेत्रमा गुणस्तरीयता वृद्धि गर्दै ४ नम्बर वडा

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/हेटौंडा उपमहानगरपालिका-४ को कार्यालयले अरु विकास निर्माणका कामसँगै शैक्षिक क्षेत्रलाई पनि निकै महत्वका साथ काम गर्दै आएको छ ।

अहिले भइरहेको शिक्षामा थप गुणस्तर कायम गर्नका लागि वडा कार्यालयले विभिन्न शीर्षकमा बजेट छुट्याएर काम गर्न लागेको छ । बिगतका वर्षमा पनि शिक्षाक्षेत्रमा उल्लेख्य काम गरेको भएपनि अझै चालु आर्थिक वर्षमा शिक्षा क्षेत्रमा गुणस्तरीयता कायम गर्नका लागि थप काम गर्ने योजना समेत वडाअध्यक्ष नचिन सिरदेलले जानकारी गराए ।

हेटौंडा उपमहानगर पालिका-४ कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा वडाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको असल अभ्यासहरु प्रस्तुति तथा शैक्षिक कार्ययोजना सम्बन्धी छलफल कार्यक्रममा यस वडामा शैक्षिक गतिबिधि बढाउँदै यसक्षेत्रमा बजेट पनि पर्याप्त छुट्याएर काम गरिएको बताए । वडाभित्र रहेका ३ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयका शिक्षक, शिक्षाविद, शिक्षाविकास महाशाखा प्रमुख, वडा सदस्यहरु र विद्यार्थीलगायत अभिभावकको उपस्थितिमा शैक्षिक छलफल भएको हो ।

शैक्षिक क्षेत्रको विकासमा सधैं अग्रसर रहने वडाअध्यक्ष सिरदेलले वडाको लागि विनियोजन भएकोमध्ये ३३ प्रतिशत बजेट शिक्षामा छुट्याइएको बताए । शैक्षिक कार्ययोजनासम्बन्धी छलफलमा वडाका ८ वटा विद्यालयले पालैपालो आफनो विद्यालयमा भएका शैक्षिक प्रगति, विद्यालयले गरेका अतिरिक्त कियाकलाप तथा विद्यालयको समस्या र चुनौती प्रस्तुत गरेका थिए । शैक्षिक क्षेत्रको विकासमा लम्किरहेको मकवानपुरको हेटौंडा उपमहानगर पालिका-४ मा मात्रै झण्डै १६ हजार विद्यार्थी छन् । हेटौंडाका १९ वटा वडामध्ये ३ वटा सामुदायिक र ५ वटा संस्थागत गरी ८ वटा स्कुल यसै वडामा रहेका छन् ।

केही समय अगाडि मात्र गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाणपत्र (क्यूएए) प्राप्त गरेको हेटौंडा क्याम्पस पनि यस वडामा छ । पटकपटक उत्कृष्ट नतिजा लेराएर छुट्टै पहिचान बोकेको आधुनिक राष्ट्रिय मा.वि, आमसाइ स्कुल, श्रमिक मावि, भुटनदेवी मावि, नवोदय शिशुसदन मावि, ब्रह्ममदिक एकेडेमी, सत्यम जेभियर्स मावि, रोज एकेडेमी यस वडाभित्र रहेका छन् ।

मकवानपुरका ९ पालिका नवप्रवर्तन कार्यक्रमका लागि छनोट

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ नवप्रवर्तन कार्यविधि अनुसार शसर्त अनुदान पाउने मकवानपुरलगायत ४ सय ६२ सबै योग्य स्थानीय तहहरु छनोट गरेको छ ।

मकवानपुरमा थाहा नगरपालिका बाहेक सबै स्थानीय तह छनोट भएको सूची सार्वजनिक गरेको छ । मन्त्रालयले कार्यविधि अनुसार देशभरका ४६२ स्थानीय तह छनोट हुँदा थाहा नगरपालिका परेको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविध बमोजिम मूल्यांकन गरेको, गत आथिक वर्षमा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनमा भाग लिइ तोकिएको समयमा स्वमूल्यांकन गरेका स्थानीय तहलाई शसर्त अनुदान पाउन योग्यका रुपमा सूचीकरण गरेको जनाएको छ ।

त्यसैगरी गत आर्थिक वर्षमा तोकिएको समयमै बजेट ल्याएका र पछिल्लो आर्थिक वर्षमा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनअनुसार लेखा परीक्षण प्रतिवेदनमा गम्भिर किसमको अनियमितता नदेखिएको स्थानीय तह्ले मात्र नवप्रवर्तनमा आधारित कार्यक्रम संचालनका लागि शसर्त अनुदानको रकम पाउने भएका हुन् । विभिन्न १४ वटा मूल्यांकनका सूचकमा आधारित भई स्थानीय तह छनोट गरिएको मन्त्रालयले जनाएको छ ।

साइकलमा सरर...स्कूल : मनहरी गाउँपालिका-४, स्थित वनकरिया समुदायका बालबालिका अध्ययन गर्ने नेपालको एकमात्र विद्यालय पशुपतिनाथ माविमा साइकल चढेर पढ्न जाँदै स्थानीय बालबालिका । पशुपतिनाथ माविमा अध्ययन गर्न आउने केही बालबालिका अढाई घण्टा पैदलयात्रा गर्नुपर्ने बाध्यता रहेपछि केही समयअघि ११५ जना विद्यार्थीलाई साइकल वितरण गरिएको थियो । साइकल पाएपछि विद्यार्थीहरु नियमित विद्यालय आउन थालेको प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए । विद्यालयले कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने ११५ जना विद्यार्थीलाई साइकल वितरण गरेको थियो । विद्यालयले बस संचालन गर्ने सोच बनाएको तर, बस संचालनमा धेरैखालका चुनौती देखिएपछि विद्यालय बसको विकल्पमा साइकल वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले बताएका छन् । विद्यालयले दिएको साइकलले समय बचत हुने र पढाईमा थप समय दिन पाउने भएपछि विद्यार्थी खुशी देखिएका छन् । तस्बिर: *प्रतिक्षा न्यौपाने/साझाकुरा* ।

दुई युवा जुधे, नजिकै बस्ने घाइते भए

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/हेटौंडा उपमहानगरपालिका-१४ कालापानीमा दुई युवकबीच कुटाकुट हुँदा छेउमा बस्ने एक व्यक्ति घाइते भएका छन् । घाइते हुनेमा स्थानीय रामबहादुर थिङ रहेका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार शुक्रबार दिउँसो स्थानीय २२ बर्षीय सुकराज थिङ र २३ बर्षीय बुद्ध मोक्तानबीच कुटाकुट भएको थियो । कुटाकुटको क्रममा नजिकै बसेका रामबहादुरलाई धकेलेर लडाएपछि उनी घाइते भएको प्रदेश प्रहरीले जनाएको छ ।

घाइते रामको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । कुटपिट संलग्न दुबै युवक फरार रहेका छन् । उनीहरुको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

हेटौंडामा उसु प्रतियोगिता, बागमतीबाट २० खेलाडी छनोट

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/हेटौंडामा हुने पृथम अन्तरप्रदेश उसु प्रतियोगिताका लागि बागमती प्रदेशबाट २० खेलाडी शनिबार छनोट भएका छन् । बागमती प्रदेश उसु संघले आयोजना गरेको छनोट प्रतियोगितबाट सान्सौंमा १३ तथा थाउलोमा ७ गरी २० खेलाडी छनोट भएका हुन् ।

सान्सौंको पुरुष ४८ केजीमा सिन्धुलीका मिलन राई, ५२ केजीमा निश्चल तामाङ, ५६ केजीमा विशाल विष्ट र ६० केजीमा ज्ञानध्वज गोले, ६५ केजीमा काभ्रेका शंखध्वज वाइबा, ७० केजीमा सिन्धुपाल्चोकका राजेश रायमाझी, ७५ केजीमा धादिङका विशाल सुवेदी तथा ८० केजीमा ललितपुरका विदेश श्रेष्ठ छनोट भए । महिला ४८ केजीमा ललितपुरकी सरु सोती, ५६ केजीमा रामेछापकी मनीषा माझी, ६० केजीमा सिन्धुपाल्चोककी अनुष्का तामाङ, ६५ केजीकमा काठमाडौंकी आयुशा महर्जन र ७० केजीमा सिन्धुपाल्चोककी अम्बिका तामाङ छानिए ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को सेमी कभर्डहलमा भएको प्रतियोगिताको थाउलोतर्फ पुरुष छाङ छवानमा विपन थापा, नान छवानमा निखिल लामिछाने, थाइची छवानमा विवेक मण्डल र ताउसु कुन्सुमा रविन्द्र आले मगर छनोट हुन सफल भए । चरैजना ललितपुरका हुन् । महिला छाङ छवानमा काठमाडौंकी अस्मिता श्रेष्ठ, नान छवानमा ललितपुरकी प्रेमकुमारी आलेमगर र थाइची छवानमा ललितपुरकै अञ्जली लुङगेलीमगर छानिए । आ-आफ्नो स्पर्धामा पहिलो भएका खेलाडी छनोट भएका हुन् । अन्तरप्रदेश उसु पुस ११ गतेदेखि सुरु हुँदै छ ।

छनोट हुन सफल खेलाडीलाई नेपाल उसु महासंघका उप-महासचिव राजीव महर्जन, बागमती प्रदेश उसु संघका अध्यक्ष अरुण क्षेत्रीलगायतले एक कार्यक्रम बीच प्रमाणपत्र प्रदान गरे ।

सञ्चालनमा आयो इनरुवा सबस्टेसन, ४ अर्ब लागत

काठमाडौं/रयाँस इन्सुलेटेड प्रणाली (जीआईएस)मा आधारित स्वचालित नेपालको दोस्रो ठूलो ४०० केभी क्षमताको इनरुवा सबस्टेसन सञ्चालनमा आएको छ ।

मुलुक भित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण गर्न सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा निर्माण गरिएको ४०० केभी क्षमताको इनरुवा सबस्टेसनको शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरे ।

इनरुवामा ४०० सय र २२० केभीका दुई वटा सबस्टेसन निर्माण गरिएको छ । राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा, ढल्केबर इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजनाबाट ४०० केभीको सबस्टेसन निर्माण गरिएको हो ।

सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियत पूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट २२०/१३२/३३ केभीको सबस्टेसन निर्माण गरिएको थियो । ४०० र २०० केभी सबस्टेसनको लागत करिब तीन अर्ब ८३ करोड रुपैयाँ छ ।

हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माण गरिएको ४००/२२० केभी इनरुवा सबस्टेसनमा ३१५ एमभीए क्षमताका तीन थान पावर ट्रान्सफर्मरहरु छन् । जसको क्षमता ९४५ एमभीए छ । त्यस्तै, २२०/१३२ केभी १६० एमभीए क्षमताका दुई थान र २२०/३३ केभी, ६३ एमभीए क्षमताका दुई थान पावर ट्रान्सफर्महरु छन् ।

इनरुवा-ढल्केबर ४०० केभी प्रसारणलाइन निर्माण सम्पन्न भएपछि इनरुवा सबस्टेसनबाट करिब ४ हजार मेगावाट विद्युत् आदान प्रदान हुन सक्ने छ । इनरुवा-ढल्केबर प्रसारणलाइनको अहिले तार तान्ने काम भइरहेको छ ।

साथै, १३२ र ३३ केभी प्रसारण तथा वितरण लाइनमार्फत सबस्टेसनबाट स्थानीय रुपमा विद्युत् आपूर्तिको व्यवस्था गरिएको छ । सबस्टेसनलाई भविष्यमा आवश्यकता अनुसार थप विस्तार गर्न मिल्ने गरी निर्माण गरिएको छ ।

अरुण तथा तमोर नदी र तिनीहरुका सहायक खोलानालामा निर्माण गरिएका/हुने जलविद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत् कोशी करिडोर २२० केभी प्रसारण लाइनमार्फत इनरुवा सबस्टेसनमा जोडिने छ ।

कोशी करिडोरको इनरुवा-बसन्तपुर-तुम्लिङटार खण्ड निर्माण सम्पन्न भइसकेको छ भने वसन्तपुर-ढुंगेसाँघु खण्ड निर्माणाधीन छ । यस्तै, तुम्लिङटार-शीतलपाटी २२० केभी प्रसारणलाइन आयोजना पनि निर्माणाधीन छ । अरुण हब-इनरुवा ४०० केभी प्रसारणलाइन निर्माण प्रस्ताव गरिएको छ ।

इनरुवा ४०० केभी सबस्टेसन निर्माणका लागि भारतीय कम्पनी सिमेन्स् लिमिटेडसँग २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो । २२० केभीको सबस्टेसन निर्माणका लागि भारतीय कम्पनीहरु सिमेन्स् र टेलमोसको कन्सोटियमसँग २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो । साथै, २२०/१३२ केभी ट्रान्सफर्मर आपूर्ति तथा जडानका लागि भारतीय कम्पनी टीबीईए इनजीसँग २०७७ कात्तिकमा ठेक्का सम्झौता भएको थियो ।

४०० केभी सबस्टेसनको डिजाइन तथा निर्माण सुपरिवेक्षण एनईए इन्जिनियरिङ कम्पनीबाट भएको थियो । २२० सबस्टेसनको परामर्शदाता पावर ग्रिड कर्पोरेसन अफ इण्डिया लिमिटेड र एनईए इन्जिनियरिङ कम्पनीले गरेका थिए ।

उद्घाटन समारोहमा प्रधानमन्त्री पचण्डले करिब ४ हजार मेगावाट विद्युत् प्रवाह गर्न सक्ने सबस्टेसनको उद्घाटनसँगै यस क्षेत्रको विद्युत् प्रसारण र वितरणको गुणस्तर तथा विश्वसनीयता बढाउने पृष्ठभूमि तयार भई सरकारको उज्यालो र समृद्ध नेपाल कार्यक्रम सफलताको यात्रामा नयाँ अध्याय पनि थपिएको बताए ।

देशमा केही नभएको भन्दै निराशाको मात्र खेती र चर्चा बढी हुने गरेको अवस्थामा यस्ता ठूला-ठूला पूर्वाधारको निर्माण सम्पन्न हुनुले आशाको सञ्चार गराएको उनको भनाइ छ ।

प्रधानमन्त्री पचण्डले सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत प्रवाहका अतिरिक्त स्थानीय रुपमा आपूर्ति समेत गरिने हुँदा यसबाट यस क्षेत्रको भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुने छ विश्वास व्यक्त गरे ।

विगतमा आफ्नै नेतृत्वको सरकारले जनतालाई अँध्यारो लोडसेडिङको कहालिलाग्दो युगबाट मुक्त गरी उज्यालो नेपालको यात्रा अगाडि बढाएको स्वमरण गर्दै प्रधानमन्त्री पचण्डले भने, 'त्यसबेला शहरी क्षेत्रमा लोडसेडिङ थियो, तर देशको आधाभन्दा बढी गाउँबस्तीहरु अँध्यारोमै थिए, अहिले करिब ९८ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ, आगामी एक देखि डेढ वर्षभित्र देशलाई पूर्ण रुपमा विद्युतीकरण घोषणा गर्ने सुनौलो दिन अब छिट्टै आउँदै छ ।'

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको जलविद्युत् विकासको विगतको ७८ वर्षे इतिहासमा अढाइ सय मेगावाट मात्र विद्युत् उत्पादन भएकोमा हाल एक वर्षमा ५ सय मेगावाट विद्युत् थपिनुले देश प्रगतितर्फ बढेको तथ्य र तथ्यांकले पुष्टि गरेको बताए ।

आगामी दश वर्षभित्र करिब ३० हजार मेगावाट विद्युत् उत्पादन गर्न सक्ने विश्वसनीय आधार देखिएको उल्लेख गर्दै मन्त्री बस्नेतले प्रसारणलाइन निर्माणमा देखिएको मार्गाधिकारको समस्या र स्थानीयहरुका मागलाई सम्बोधन गर्न कानुनी रुपमा थप व्यवस्था गर्न लागिएको बताए ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सबस्टेसन सञ्चालमा आएसँगै यस प्रदेशका उद्योगी व्यवसायीहरुले बेहोरिरहेको विद्युत् आपूर्तिको समस्या समाधान हुने विश्वास व्यक्त गरे । उनले कोशी प्रदेशले निजी क्षेत्रलाई सरकारको अंगको रुपमा राखेर भौतिक रुपमा मात्र नभई मानवीय विकास सुरु गरेको बताए ।

सुनसरी-४ का संघीय सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सबस्टेसन सञ्चालनमा आउनु खुसी र गर्वको विषय भएको उल्लेख गर्दै यसले देशको अर्थतन्त्रमा अहम् भूमिका निर्वाह गर्ने बताए । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले सबस्टेसन देशभिरको विद्युत् खपत र निर्यातका लागि कोशेढुंगा साबित हुने बताए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा पर्ने जलविद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत् प्रसारण गर्न, स्थानीय रुपमा खपत गर्न र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारततर्फ निर्यातका लागि इनरुवा सबस्टेसन मेरुदण्डको रुपमा रहेको बताए ।

सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत प्रवाहका अतिरिक्त स्थानीय रुपमा आपूर्ति समेत गरिने उनले जानकारी दिए । यही सबस्टेसनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा-पूर्णिया ४०० केभी अन्तरदेशीय र नेपाल, भारत तथा बंगालदेशबीचको व्यापारका लागि इनरुवा-अनारमनी ४०० केभी प्रसारणलाइन प्रस्ताव गरिएको समेत उनले जानकारी दिए ।

(स्रोत: अनलाइनखबर)

'चित्रा'मा ट्विस्ट ल्याउने पात्रमा छु : शुभेक्षा खड्का

काठमाडौं/सन् २०१२ की मिस नेपाल शुभेक्षा खड्का अभिनेत्रीको रुपमा स्थापित हुन अझै पनि संघर्षरत छिन् । उनले अभिनय गरेका दुईवटा फिल्म 'रणवीर' र 'प्रेमा' प्रदर्शनमा आइसकेको भए पनि दुवै व्यावसायिक रुपमा सफल भएनन् । उनले अभिनयमा पनि आफ्नो छाप छाड्न सकेकी छैनन् । अब उनले अभिनय गरेको तेस्रो फिल्म 'चित्रा' यही पुष २७ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

उनले फिल्ममा आफू 'ट्विस्ट' ल्याउने पात्रमा रहेको बताएकी छन् । उनी भन्छिन्, 'यो एउटा फ्रेस पात्र हो, जसले फिल्ममा रमाइलो ल्याउने काम गर्छ । फिल्मले बाबु-छोरीको कथा देखाइएको छ, त्यसमा मैले निभाएको पात्रले मसलाको काम गरेको छ । हेर्दा पात्र सरल देखिन्छ तर ट्विस्ट ल्याउने पात्रको रुपमा मलाई पाउन सकिन्छ ।' शुभेक्षा फिल्ममा आफ्नो कामबाट सन्तुष्ट देखिएकी छन् ।

'चित्रा'बाट दर्शकले फरक स्वाद पाउने उनको विश्वास छ । 'हामीले प्रेमकथाहरु हेर्दै आइरहेका छौं । अहिले सामाजिक कथामाथि पनि फिल्महरु आइराखेकै छन् । त्यसमा 'चित्रा' चाहिँ पारिवारिक कथा हो, जसले बाबु-छोरीको कथा देखाउँछ । मैले पर्दामा बाबु-छोरीमा केन्द्रित भएर बनेको फिल्म नदेखेको धेरै भयो । यसले गर्दा यो फिल्मबाट दर्शकले नयाँ स्वाद पाउनुहुन्छ,' उनले भनिन् ।

उनको बुझाईमा बुबाहरुको साथ नै छोरीहरुका लागि मेरुदण्ड हो । छोरीको पढाई र करिअरमा बुबा-आमा सहयोगी बन्न सकेको अवस्थामा त्यो सबैभन्दा महत्त्वपूर्ण हुने उनी बताउँछिन् । उनले आफ्नो बुबालाई भने प्रेरणाको रुपमा लिने गरेकी छन् । शुभेक्षा भन्छिन्, 'मलाई राम्रो फिल्महरु खेल्नुपर्छ भनेर बुबाले प्रेरणा र भरोसा दिने गर्नुहुन्छ । मेरो हरेक सपनामा सहयोग गर्नुभएको छ ।'

फिल्ममा शुभेक्षासँगै सन्तोष अधिकारी, मेनुका प्रधान, प्रमोद अग्रहरी, अर्पण थापा, अञ्जना बराइली, सिम्रन खड्का, विनोद पौडेल, प्रकाश घिमिरे, कपिल शर्मा, कुमार गुरुङ, आयुशी ढकाल, उज्ज्वल ढकालको पनि अभिनय छ ।

आशिष थापा मगर निर्माता तथा सन्तोष अधिकारी कार्यकारी निर्माताम रहेको फिल्ममा अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद लेखन छ ।

सामाजिक सुरक्षाका ८७ स्किमलाई एकीकृत बनाउने प्रस्ताव

काठमाडौं/नेपालमा तीनवटै तहका सरकारले नागरिकको हितका लागि भन्दै सञ्चालन गरेका करिब एक सय स्किमलाई अब एकीकृत रुपमा सञ्चालन गरिने भएको छ ।

राष्ट्रिय योजना आयोगका प्रवक्ता यमलाल भुसालका अनुसार अनुसार अहिले संघ, प्रदेश र स्थानीय तहहरुबाट झण्डै ८७ प्रकारका सामाजिक सुरक्षाका स्किम सञ्चालनमा छन् । यी सबै स्किमलाई व्यवस्थित गर्ने, दोहोरोपन हटाउने र भविष्यमा योगदानमा आधारित स्किमलाई प्राथमिकता दिने गरी एकीकृत सामाजिक सुरक्षा खाका बनाइएको छ । यो खाका अब स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाउने चरणमा रहेको प्रवक्ता भुसालले जानकारी दिए ।

'राज्यले नागरिकको हितका लागि चलाएका सबै स्किम राम्रा छन्,' उनले भने, 'तर कतै दोहोरो परिरहेको छ, कतै दिगोपन र निरन्तरतामा प्रश्न छ, यसलाई सम्बोधन गर्ने प्रयास एकीकृत खाकामार्फत गरिएको छ ।'

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठका अनुसार अहिले सामाजिक सुरक्षामा मात्र राष्ट्रिय बजेटको १२ प्रतिशत हाराहारी बजेट खर्च हुन्छ । सोहीकारण सामाजिक सुरक्षाको दीगो भविश्यलाई लिएर प्रश्न उठ्ने गरेको छ । यसलाई व्यवस्थित गरी सामाजिक सुरक्षाका कार्यक्रमलाई दिगोपन दिन समेत एकीकृत रुपमा यो कार्यक्रम सञ्चालनको सोच बनाइएको उनले जानकारी दिए । आयोगले सामाजिक सुरक्षा कोषलाई प्रभावकारी बनाउँदै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा जोड दिने गरी खाका बनाएको बताएको छ ।

'सलार'को आँधीमा पिसियो 'डंकी'

काठमाडौं/कुनै समय बलिउडले साउथ फिल्मलाई हेयको दृष्टिले हेर्ने गरेको थियो । तर, यतिखेर त्यही साउथ फिल्म बलिउडकै लागि टाउको दुखाई बनिरहेको छ । दर्शकको पहिलो रोजाईमा साउथ फिल्म पर्न थालेका छन् । अवस्था यस्तो छ कि बलिउडका ठूला फिल्म समेत साउथको अगाडि निरीह बनिरहेका छन् । जसरी अहिले साउथको 'सलार'को अगाडि बलिउडको 'डंकी'ले घुँडा टेकेको छ ।

बिहीबारबाट बलिउड सुपरस्टार शाहरुख खान अभिनीत फिल्म 'डंकी' प्रदर्शनमा उत्रिएको थियो । राजकुमार हिरानीजस्ता सफल निर्देशकको फिल्म हो यो । तर, फिल्मको ओपनिङ ३० करोड रह्यो । यसलाई औसत ओपनिङ भनिएको छ । दोस्रो दिन त झन् फिल्मको व्यापार नाजुक देखिएको छ । बिहीबारबाट प्रदर्शनमा आएको प्रभास अभिनीत 'सलार'को आँधीमा 'डंकी' पिसिएको छ ।

'सलार'ले पाँचवटा भाषामा गरी भारतभर ९५ करोडको जबर्जस्त ओपनिङ गर्दा 'डंकी' भने दोस्रो दिन २० करोडमा खुम्चिन पुगेको छ । एकातिर कमजोर रिभ्यू र अर्कोतिर 'सलार'ले बक्स अफिसमा आँधी ल्याउँदा अब 'डंकी'लाई सय करोड पनि टाढा देखिन्छ । जबकि, यसअघि शाहरुखको दुईवटा एक्सन फिल्म 'पठान' र 'जवान'ले यस वर्ष घरेलू बक्स अफिसमा ठूलो रेकर्ड बनाएका थिए ।

रोचक संयोग के छ भने 'सलार' निर्देशक प्रशान्त निलको ब्लकबस्टर फिल्म 'केजीएफ' सन् २०१८ मा शाहरुख खानको 'जीरो'सँग भिडेको थियो । त्यसबेला प्रशान्तको फिल्मले सानदार बाजी मार्‍यो । पाँच वर्षपछि फेरि प्रशान्त र शाहरुखको फिल्म भिडेको हो । यसपटक पनि प्रशान्तकै पल्लाभारी हुने देखिन्छ । बलिउडमाथि साउथ फिल्म कसरी हावी भइरहेको छ भन्ने यो एउटा दृष्टान्त हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

उज्वल दुग्ध सहकारीको अध्यक्षमा हुमागाईं निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/ मकवानपुरगढी गाउँपालिका-५, स्थित उज्वल दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको नयाँ कार्यसमिति चयन भएको छ ।

२७ वर्षको गर्विलो इतिहास बोकेको सहकारीको २७ औं वार्षिक साधारणसभाले रामचन्द्र हुमागाईंको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति बनाएको हो । वैदेशिक रोजगारीबाट फर्किएर लामो समयदेखि कृषिपेशामा सक्रिय हुमागाईंले शनिवार भएको निर्वाचन प्रक्रियाबाट अध्यक्षमा विजय हासिल गरेका हुन् । विजयी भएसँगै मतदातालाई धन्यवाद दिंदै हुमागाईंले सहकारीको उत्थान र कृषकको पक्षमा निरन्तर खटिएर काम गर्ने प्रतिज्ञा गरे । नवनिर्वाचित हुमागाई यसअघि गाउँपालिकाबाट उत्कृष्ट कृषकको रुपमा पुरस्कृतसमेत भइसकेका व्यक्ति हुन् ।

उनले दूध बिक्री र तरकारी उत्पादनबाट वार्षिक लाखौं आम्दानी गर्दै आएका छन् । शनिवार संस्थाको भवनमा भएको निर्वाचनबाट हुमागाईंले लिलाराज बञ्जारा (चन्द्र)लाई २५ मतान्तरले पराजित गरे । मतदानमा सहभागी ३८९ शेयर सदस्यमध्ये हुमागाईंलाई २०१ जनाको मत प्राप्त भएको निर्वाचन अधिकृत सृजन तिमल्सिनाले जानकारी दिए । बञ्जारले १ सय ७६ मत मात्रै पाए । उपाध्यक्षमा बासुदेव चौलागाई विजयी भएका छन् । चौलागाईंले २ सय ४५ मत ल्याउँदा उनका प्रतिद्वन्द्वी उदयनारायण घिमिरेले १३३ मत पाए ।

अध्यक्ष र उपाध्यक्षमा मात्रै निर्वाचन भएको थियो । कार्यसमितिको बाँकी ७ जना सदस्य निर्विरोध निर्वाचित भएका थिए । निर्विरोध हुनेमा कमली खतिवडा घिमिरे, भगवती आचार्य, मीनाकुमारी लोहागुन, बेनीप्रसाद बञ्जारा, नारायणप्रसाद बञ्जारा र राजेन्द्र लम्साल रहेका छन् । लेखा संयोजकमा विष्णुप्रसाद दंगाल निर्विरोध निर्वाचित भए । लेखा समिति सदस्यमा देवकी न्यौपाने फुयाँल र रेणुका गिरी चयन भएका छन् । उज्वल दुग्ध उत्पादक सहकारी संस्था मकवानपुरगढी गाउँपालिकाभित्रको ठूला सहकारीमध्ये एक हो । सहकारीमा गाउँपालिकाको ३, ४, ५ र ६ नम्बर वडाका साढे ४ सय भन्दा बढी शेयर सदस्य रहेका छन् ।

सहकारीको शेयर पुँजी ९९ लाख ७० हजार २ सय रहेको छ । १ करोड २७ लाख ८७ हजार ७ सय ६० रुपैयाँ बचत रहेको सहकारीले आफ्ना शेयर सदस्यलाई १ करोड ३० लाख १० हजार ४ सय २६ रुपैयाँ ऋण लगानी रहेको लेखा समितिको प्रतिवेदनमा उल्लेख छ । सहकारीले व्यापारबाट ११ करोड १५ लाख ३१ हजार ३ सय ८४ रुपैयाँ आम्दानी गर्दा १० करोड ४६ लाख ४३ हजार ५ सय ५९ रुपैयाँ खर्च भएको उल्लेख छ । आर्थिक वर्ष २०७९/८० भित्र सहकारीले सबै खर्च कटाएर २८ लाख ३० हजार १ सय ७ खुद आम्दानी गरेको छ ।

युसेस सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/हेटौंडा उपमहानगरपालिका-४, स्थित युसेस बचता तथा ऋण सहकारी संस्थाको १४ औं वार्षिक साधारणसभा भएको छ ।

सहकारीका अध्यक्ष उत्तम शर्मा ढकालको सभाध्यक्षता तथा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिरदेलको प्रमुख आतिथ्यतामा साधरणसभा भएको हो ।

कार्यक्रममा हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपाने, १० नम्बर वडाअध्यक्ष फुर्वा दोर्जे लामा, हेटौंडा उपमहानगरका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, सहकारीका बुद्धशरण लामा, हयग्रीव आचार्यलगायतको आतिथ्यता रहेको थियो । सहकारीमा सुखसम्द्धि, नारायणी बहुद्देश्यीय, मित्रमिलन, पञ्चरत्न लगायतको सहकारीका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

सहकारीको शेयर पुँजी १ करोड रुपैयाँ रहेको छ । ६ करोड रुपैयाँ बचत रहेको सहकारीले ७ करोड रुपैयाँ आफ्ना शेयर सदस्यलाई ऋण लगानी गरेको अध्यक्ष ढकालले जानकारी दिए । २०६६ सालमा २५ जना शेयर सदस्यको करिब एक लाख २५ हजारबाट कारोबार सुरु गरेको सहकारीमा २०८० आसार मसान्तसम्म ८ सय ६२ जना शेयर सदस्य पुगेका छन् ।

आधुनिक कृषक समूहको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/थाहा नगरपालिका-३ मा रहेको आधुनिक कृषि तथा पशुपंक्षीपालक कृषक समूहको दोश्रो वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

थाहानगरको शंकर होटलमा भएको साधारणसभाले आगामी २ वर्षे कार्यकालको लागि राजेन्द्रकुमार खत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा कृष्ण बिष्ट, सचिवमा मधुकर अधिकारी, कोषाध्यक्षमा प्रदीप उप्रेती चयन भएका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरुमा भुवन सेढाई, कपिलध्वज कार्की, रबि जिम्बा चयन भएका छन् । साधारणसभाले कार्यसमितिको तर्फबाट कार्यवाहक अध्यक्ष खत्रीले प्रस्तुत गरेको वार्षिक प्रतिबेदन सहित आगामी नीति तथा कार्यक्रम, कोषाध्यक्ष उप्रेतीले प्रस्तुत गरेको लेखापरीक्षण प्रतिबेदन सहितको आर्थिक प्रतिबेदन पारित गरेको छ ।

२०७८ मा स्थापना भएको समूहले बिभिन्न संघसंस्थासँगको समन्वयमा कृषि र पशुपालनसम्बन्धी बिबिध कार्यक्रम संचालन गर्दै आएको छ । कार्यवाहक अध्यक्ष खत्रीको अध्यक्षतामा भएको साधारण सभाको संचालन सचिव रामचन्द्र खत्रीले गरेका थिए ।

उद्दार गरिएका बालकहरु अभिभावकलाई जिम्मा लगाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/बिभिन्न प्रलोभनमा बालश्रम गर्न भारत पुगेका ८ जना बालाबालिकाको ग्रामीण विकास केन्द्र रौतहट र सामुदायिक विकास तथा सचेतना नेपालले समन्वयमा उद्दार गरी अभिभावकको जिम्मा लगाइएको छ ।

ग्रामीण विकास केन्द्र, रौतहट र सामुदायिक विकास तथा सचेतना नेपाल, मकवानपुरले, राष्ट्रिय बालअधिकार परिषद् र मिसन रेस्क्यू अपरेशन इन्डीयाको समन्वयमा बालकलाई नेपाल ल्याएको हो ।

उद्दार गरी ल्याइएका बालकको शनिबार नै जिल्ला प्रहरी कार्यालय गौरमा एक कार्यक्रम गरी जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रमुख, राष्ट्रिय बालअधिकार परिषद्को प्रतिनिधिलगायत सरोकार वालाको रोहवरमा अभिभावकको जिम्मा लगाएको सामुदायिक विकास तथा सचेतना नेपालका सचिव अनन्त बानियाँले बताए ।

उद्दार गरेका बालक सबै रौतहटका छन् । जसमध्य राजपुर नगरपालिकाका २ जना, स्नाथ नगर पालिका २ जना, दुर्गा भगवती गाँउपालिकाका २ जना र गढीमाई नगरपालीकाका २ जना छन् । बालकहरु ६ देखि ८ महिना पहिले विभिन्न प्रलोभनमा चिनजानका आफन्तबाट नै भारत पुगेका थिए । उनीहरुलाई मुम्बइको नागपाडा क्षेत्रमा रहेको ब्याग पसलमा बालश्रम गरिरहेको अवस्थामा मिसन रेस्क्यू अपरेशन इन्डीयाले भारतीय प्रहरीको सहायतामा गत अगस्टमा उद्दार गरेको थियो ।

ग्रामीण विकास केन्द्र रौतहटका प्रतिनिधि कुमारी ममता झा र सामुदायिक विकास तथा सचेतना नेपालको कार्यकारी निर्देशक दिलिप कोइराला, सचिव अनन्त बानियाँ भारतको मुम्बई पुगी बालकल्याण समिति मुम्बई सहर र महिला तथा बालबालिका विभागसँग छलफल तथा समन्वय गरी बालकलाई नेपालसम्म ल्याई अभिभावकको जिम्मा लगाएका हुन् । १७ वर्ष मुनिका बालकलाई १२ देखि १८ घण्टासम्म काममा लगाउने र काम गरेबापतको पैसा मान्दा रेल स्टेशनमा ल्याएर छोड्ने जस्ता शोषणमा रहेको एक बालक बताउँछन् ।

६ महिना अगाडिदेखि घरमा खबर नगरी सम्पर्कविहीन भएको छोरालाई खोजी गर्दै १ महिना अघिमात्र भारतको बालगृहमा छ भन्ने खबर पाएका एक अभिभावक नुसरत बेगम छोरालाई भेट्दा खुशी हुँदै अब घरमै राखेर पढाउने २५ वर्ष नपुगेसम्म बाहिर काममा नपठाउने बताउछन् ।

सामुदायिक विकास तथा सचेतना नेपालका कार्यकारी निर्देशक कोइरालाका अनुसार अझै भारतका विभिन्न बालगृहमा नेपालका बालश्रममा परेका ६ बालकहरु रहेको र उनीहरुलाई नेपाल फर्काउन कागजी प्रक्रिया पूरा गर्ने काम भइरहेको र चाँडै नेपाल फर्काउने बताउँछन् ।

हार्दिक श्रद्धाञ्जली

जन्म २२/०७/२०३४
स्वर्गारोहण २७/०८/२०८०

स्व. मनोज श्रेष्ठ

यस समाजिक संस्कार सेवा समितिका सदस्य श्री हरि श्रेष्ठको भाई **मनोज श्रेष्ठ**को असमायिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । शोकको यस घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै दुःखको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धु बान्धव र आफन्तजनप्रति हार्दिक आभार प्रकट गर्दै अन्त्येष्ठीका क्रममा साथमा पाल्नुहुने तथा घरमै आई समवेदना प्रकट गर्नुहुने महानुभावहरुलाई पितृप्रसाद ग्रहणको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

मिति : २०८० पुस ०९ गते, **समय:** दिउँसो १:०० बजे,
स्थान: कर्रांचोक आफ्नै निवास

अम्बर बहादुर लामा (अध्यक्ष) एवम्
सामाजिक संस्कार सेवा समिति परिवार
हेटौंडा, मकवानपुर

सूचना ! सूचना ! सूचना !

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभा २०८० माघ २० गते राखिएको हुदाँ यस संघमा दर्ता हुनु भएका निर्माण व्यवसायीहरुले २०८० पुस २० गते सम्ममा अनिर्वाय रुपमा नवीकरण गरिसक्नु हुन यसै सूचना मार्फत जानकारी गरिन्छ । साथै नवीकरण नभएका फर्म/कम्पनीहरुलाई साधारण सभामा भाग लिनको लागि अनिवार्य रुपमा २०८० पुस २० गते सम्ममा नवीकरण गर्नु हुन समेत सुचित गरिन्छ ।

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर

न्युरेनी चिसापानी वनको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूहको ३३ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । समूहका अध्यक्ष ज्ञानबहादुर क्षेत्रीको अध्यक्षतमा भएको कार्यक्रममा हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा अध्यक्ष क्षेत्रीले समूहको प्रगति प्रतिवेदन, सचिव शान्ति तिमल्सिनाले कार्यप्रगतिको प्रतिवेदन र कोषाध्यक्ष तेजप्रसाद मैनालीले आय/व्यय सहितको १४ लाख ६६ हजार ७ सय २१ रुपैयाँको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । समूहले वन संरक्षणको लागि सञ्चारमाध्यमबाट सहयोग पुऱ्याएकोमा पत्रकार पुष्पराज अधिकारीलाई नगदसहित दोसल्ला, सम्मानपत्रबाट सम्मान गरेको छ । यस्तै सव-डिभिजन वन रातोमाटेका फरेस्टर यदुप्रसाद घिमिरे, जेष्ठनागरिक तर्फ उपभोक्ता रेमलाल गौतम र डेवकुमारी पोखरेल, कृषि तथा पशुपालनतर्फ सुभित्रा उपाध्यायलाई सम्मान गरिएको छ ।

कार्यक्रममा वडाअध्यक्ष गौतमले समूहले वन संरक्षण र उपभोक्ताको आयआर्जनमा टेवा पुऱ्याउने कार्यमा उल्लेखनीय कार्य गरेको भन्दै समूहलाई आवश्यक भौतिक तथा आर्थिक सहायता वडा कार्यालयले गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा डिभिजन वन कार्यालय हेटौंडाका अधिकृत वसन्तराज गौतमले वन संरक्षण र विद्यमान नीति नियमको बारेमा प्रष्ट पारे ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष साधुराम चौलागाईंले समूहको सीमानामा अग्निरेखा निर्माणका लागि आर्थिक सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरे । अस्मिता नेपालकी अध्यक्ष आरती पाठकले अस्मिताले समूहका उपभोक्तालाई दुना, टपरी बनाउने तालिम प्रदान गरी समूहलाई मेसिन उपलब्ध गराएको भन्दै आगामी वर्ष समूहले मेसिन संचालनमा ल्याउदै उपभोक्तालाई उद्यमी बनाउनेतर्फ लाग्न आग्रह गरिन् ।

कार्यक्रममा पशुपति मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कृष्ण घिमिरे, जनकल्याण सहकारीका सचिव रोमबहादुर न्यौपाने, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपानेलगायतले मन्तव्य व्यक्त गरेका थिए । समूहले विपन्न वर्ग उत्थान कार्यक्रमको लागि २ लाखको घुम्ती कोष बनाई हरेक वर्ष विपन्न उपभोक्तालाई २० हजारको आर्थिक सहायता गरी उपभोक्ताको आयआर्जनमा टेवा पुऱ्याउदै आएको छ ।

वन संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै समूहले ४ पटक जिल्लास्तरीय वन संरक्षण पुरस्कार र सर्वमान्य गणेशमान सिंह वन संरक्षण पुरस्कार २०७३ तृतीयबाट समेत सम्मानित भएको थियो ।

२ सय ८७ घरधुरी र ७।१२ हेक्टर क्षेत्रफल रहेको वनको पूर्वमा हेटौंडा-६ को रानीवन र पश्चिममा हेटौंडा-५ को पिप्लेपोखरा सामुदायिक वन उपभोक्ता समूह रहेको छ । यसैगरी समूहको अधिवेशनले प्रकाश कार्कीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

गणपति बाबाको साधरण सभा, अध्यक्षमा मैनाली

साझाकुरा संवाददाता

हेटौंडा, ७ पुस/हेटौंडा-२ मानसचोकमा रहेको गणपतिबाबा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधरणसभा शनिबार हेटौंडा-६ बारुतेमा स्वास्थ्य शिबिर सहित सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगरपालिका मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सम्पन्न साधरणसभामा मेयर लामाले सहकारीमार्फत् धेरैले आयआर्जनमा सफलता हासिल गरेको बताइन् । पछिल्लो समय सहकारीमा देखापरेको समस्यालाई उपमहानगर पालिकाले अबलोकन तथा अनुगमन गर्दै समस्या समाधानसँगै सहकारीलाई सबल बनाउन लागिपरेको बताइन् ।

साधरणसभाले कोषाध्यक्ष भीमप्रसाद तिमल्सिनाले प्रस्तुत गरेको आव २०७९/८० को र प्रस्तावित आर्थिक प्रतिबेदन-२०८० सर्वसम्मत रुपमा पारीत गरेको छ । यस्तै साधरण सभाले सचिव झलकप्रसाद गौतम, लेखा समिति संयोजक संन्तोष पराजुलीले पेश गरेको प्रतिबेदन, कार्यबहाक अध्यक्ष कमलराज मैनालीद्वारा प्रस्तु अध्यक्षको प्रतिबेदन पास गरेको छ ।

संस्थाका अध्यक्ष विष्णुप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष घिमिरेले संस्था स्थापनादेखि हालसम्म भएका गतिबिधि प्रस्तुत गर्दै सहकारीले हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका ९ वटा वडामा कारोबार गरिरहेको र आगामी दिनमा सबै वडामा कारोबार गर्ने लक्ष्य लिएको बताए । आफ्नो व्यक्तिगत व्यस्तताका कारण संस्थामा समय दिन नसकेको भन्दै उनले अध्यक्ष पदबाट राजिनामा दिएका छन् ।

साधारणसभाका अवसरमा सहकारीको बोर्ड सदस्य शम्भु पुडासैनी, जिल्ला बचत संघकी कोषाध्यक्ष बिष्णुकुमारी लामा, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्य, सहरकारीका निर्वाचन कमिटी सदस्य बालकृष्ण अधिकारी, हेटौंडा-६ का पूर्ववडाअध्यक्ष अर्जुन चौलागाईंलगायतले शुभकामना व्यक्त गरेका थिए । संस्थामा महिला पुरुष गरी २ हजार २ सय १४ जना सेयर सदस्य रहेका छन् ।

कार्यक्रम्मा हेटौंडा-६ का वडाअध्यक्ष बिष्णुबहादुर दाहाल, हेटौंडा-१४ का वडाअध्यक्ष लदीपक खड्का, उपमहानगरको सहकारी बिभागका हिमप्रसाद पौडेल, जनप्रतिनिधिहरु लगायतको सहभागिता थियो । साधरणसभाले संस्थाका अध्यक्ष घिमिरेले व्यक्तिगत समस्या देखाएर दिएको राजीनामा स्वीकृत गर्दै उपाध्यक्ष कमलराज मैनालीलाई अध्यक्षमा सर्वसम्मत चयन गरिएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना